# धर्मदेवी नगरपालिकाको

# आर्थिक वर्ष २०७८/०७९ को
# नीति, कार्यक्रम तथा बजेट

(सातौं नगरसभा)

मिति २०७८/०३/१०

धर्मदेवी नगरपालिका,

मुढेशनिश्चरे, सङ्खुवासभा

प्रदेश नं. १, नेपाल

*"स्वच्छ, सुन्दर घर, गाँउ, शहर, विकास र समृद्धि धर्मदेवीको रहर ।"*

# धर्मदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# अर्थिक वर्ष २०७८/२०७९ को नीति, बजेट तथा कार्यक्रम

**धर्मदेवी नगरपालिकाका नगर प्रमुख तथा यस नगर सभाको सभाध्यक्ष ज्यु, नगर सभाका सदस्य ज्युहरु, कर्मचारी मित्रहरु ।**

सर्वप्रथम राष्ट्रिय स्वाधिनता, प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र तथा सङ्घीयताको प्राप्ती र त्यसैको जगमा राष्ट्र निर्माण गर्ने सङ्कल्प सहित भएका बलिदान पुर्ण आन्दोलनहरुमा त्यागका साथ प्राण उत्सर्ग गर्नु हुने ज्ञात अज्ञात सहिदहरु प्रति श्रद्धा सुमन अर्पण गर्दछु र हाम्रो निम्तोलाई स्वीकार गरी धर्मदेवी नगरपालिकाकाको यस सातौं नगर सभामा उपस्थित हुनु हुने सभाध्यक्ष, नगर सभा सदस्यहरु तथा कर्मचारी मित्रहरुलाई म मेरो व्याक्तिगत तर्फवाट र नगरपालिकाको तर्फवाट हार्दिक आभार प्रकट गर्दै स्वागत गर्न चाहन्छु ।

धर्मदेवी नगरपालिकाकाको यस सातौं नगर सभामा नगरकार्यपालिकाबाट पारित आ. व. २०७८/०७९ को नगर विकास योजना, बजेट, नीति तथा कार्यक्रम यहाँहरु समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको व्यहोरा निवेदन गर्न चाहन्छु ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

हाल सम्पुर्ण विश्वनै कोभिड-१९ कोरोना भाईरस को माहामारीको चपेटामा परिरहेको चुनौतीपुर्ण र असहज अवस्थाको कारणले ठूलो सङ्कट पैदा भएको छ । यस महामारीबाट हाम्रो नगरपालिका पनि अछुतो छैन । आ. व. २०७७/०७८ को नीति कार्यक्रम तथा बजेट कार्यन्वयनमा गम्भिर असर पुऱ्याएको हामी सबैलाई सर्वविदितै छ । यस सङ्कटको घडीमा संक्रमित भई जीवन गुमाउनु हुने नेपालीजनहरुको परिवार प्रति म मेरो तथा नगरपालिकाको तर्फबाट गहिरो समवेदना व्यक्त गर्न चाहान्छु । यस जोखिमपुर्ण परिस्थितीमा अग्रपङ्क्तिमा रहेर सेवा गर्नु हुने स्वास्थ्यकर्मीहरु, सुरक्षाकर्मीहरु, जनप्रतिनिधीहरु, कर्मचारीहरु लगायत अन्य सबैको उच्च प्रशंसा गर्दै यो माहामारी नियन्त्रण र रोकथाम गर्नका लागी नेपाल सरकार तथा यस नगरपालिकाले चालेका कदमलाई पुर्ण साथ दिई उच्च हृदयका साथ कार्य गरी सहयोग गर्नु हुन म सबैलाई अपिल गर्दछु ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

लोकतान्त्रिक शासन पद्धतिमा जनता नै सर्वोच्च अङ्ग भएको हुँदा शासन प्रक्रियामा जनतालाई सहभागी गराई जनता कै शासन स्थापित भई स्थानीय सरकार गठन भएको चार वर्षको समय अवधिमा सक्षम र सबल नगरपालिका बनाई र नगर क्षेत्रको विकास गर्नका लागी साधन र श्रोतको परिचालन विनियोजन र विकासको प्रतिफल सन्तुलित र समावेशी ढङ्गले नगरवासी समक्ष पुऱ्याउने काममा हामी सम्पुर्ण जनप्रतिनिधीहरु तथा नगरवासीहरुको उल्लेखिय सहयोग सदभाव र सहकार्यले विकास प्रक्रियालाई संस्थागत गर्न नगरपालिका सफल भएको कुरा निवेदन गर्न चाहान्छु ।

सङ्घीय सरकार, प्रदेश सरकार तथा विभिन्न विकास साझेदारी सङ्घ संस्थाहरुबाट यस नगरपालिकालाई प्राप्त हुने सबै प्रकारका अनुदानहरु तथा आन्तरिक श्रोत साधनको उचित परिचालन तथा व्यवस्थापन गरी आदिवासी, जनजाती, दलित र आर्थिक सामाजिक रुपले पछाडी परेका बर्ग, अपाङ्ग, महिला, बालबालिका, जेष्ठ नागरिक लगायत समस्त नगरवासीहरुको सहभागीता अभिवृद्धि गर्दै सन्तुलित दिगो, गुणस्तरयुक्त विकास, जनमुखी, जवाफदेही, मितव्यायी एवम् पारदर्शी सेवा प्रदान गर्न यो नगरपालिका आज पनि सङ्कल्पित छ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
धर्मदेवी नगरपलिकाले दिगो श्रोतको व्यवस्थापन तथा नयाँ श्रोतको पहिचान र प्रवर्द्धन गरी राजश्वको परिचालनमा जनसहभागिताको अभिवृद्धि गरी राजश्व सङ्कलनमा जवाफदेहिता कायम गर्दै लगिएको कुरा हमी सबैलाई जगजाहेर नै छ । सूचना प्रविधिमा नगरवासीहरु पहुँच अभिवृद्धि गर्न नगर सूचना केन्द्र स्थापना गरी प्रभावकरी सेवा प्रदान गर्न वाञ्छनीय भएको कुरालाई मैले महशुस गरेको छु ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
धर्मदेवी नगरपलिकाले सिमित मानव संशाधन, आर्थिक, भौतिक साधन श्रोतको उचित परिचालन गरी पारदर्शी जनसहभागितामूलक आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने उत्पादन मुलक तथा छिटो प्रतिफल प्राप्त हुने जनताको जीवनस्तर माथी उठ्ने तथा आम्दानी र रोजगार सृजना हुने खालका योजनाहरु छनौट गरी कार्यन्वयनमा ल्याएको कुरा सबैलाई अवगतै छ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
आगामी आ. व. २०७८/०७९ को नीति, कार्यक्रम तथा बजेट निर्माणको अन्तिम घडीमा उभिएर हेर्दा हामीले हाम्रो कार्यकालको अन्तिम वर्षको नीति कार्यक्रम तथा बजेट निर्माण गरिरहेका छौँ । गत विगतका आ. व. हरुमा हामी जनप्रतिनिधीहरुले जुन उत्साहका साथ जनताको माझमा रहेर सेवा प्रदान गर्यौ आगामी आ. व. मा पनि सोही अनुरुप जनताको सेवा गरी यस नगरपालिकालाई समृद्धि नगर बनाउन योगदान पुर्‍याउने प्रण गरौ, म सबैमा अपिल गर्दछु।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
अब म चालू आ.व. को नीति तथा कार्यक्रमको समिक्ष गर्न अनुमती चाहान्छु ।

**क. अर्थिक क्षेत्र**

यस नगर क्षेत्रका विभिन्न वडालाई कृषि जोनको रुपमा विकास गर्ने उद्देश्यले नगरपालिकाको हिमाली र पहाडी क्षेत्रमा अलैची, किवि, एभोगार्डो, कागती, सुन्तला जस्ता फलफूलको व्यावसायिक उत्पादनका लागि उन्नत जातका विउविजनहरु निःशुल्क वितरण गरिएको, साना तथा ठुला व्यावसायीलाई दर्ता प्रक्रियामा ल्याईएको, यसै नगर क्षेत्रमा पर्ने प्रसिद्ध धार्मिकस्थल पाथिभरा मन्दिरलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न विस्तृत परियोजना प्रस्ताव तयार गरिसकिएको साथै यसै नगरपालिका क्षेत्रमा पर्ने धर्मदेवी मन्दिरलाई अझ आकर्षक बनाउन पोखरी निर्माणको कार्य निर्माणाधिन अवस्थामा रहेको छ । यसै क्षेत्रको प्राकृतिक मनोरमको रुपमा रहेको सिमले झरना आवतजावत गर्नका लागि सिँढि तथा रेलिङ निर्माणका लागि सङ्घीय सशर्त बजेटको वित्तीय क्षेत्र अन्तरगतको कार्य चालु अवस्थामा रहेको छ ।

**ख. सामाजिक क्षेत्र**

सामाजिक विकास मन्त्रालय प्रदेश नं. १, धर्मदेवी नगरपालिका र करुणा फाउण्डेसन नेपालको त्रिपक्षीय साझेदारीमा अपाङ्गता रोकथाम तथा पुनःर्स्थापना कार्यक्रम रहेकोमा केहि कार्यक्रमहरु सम्पन्न भएता पनि कोभिड-१९ का कारण बाँकि काम अर्को आ. व. का लागि सामाजिक विकास मन्त्रालयमा अनुरोध गरी पठाइएको छ । नेपाल सरकारको एक वडा एक स्वास्थ्य संस्था स्थापना गर्ने राष्ट्रिय नीति अनुरुप विभिन्न वडामा छ वटा आधरभुत स्वास्थ्य सेवा केन्द्र स्थापना साथै एक पालिका एक आधारभूत अस्पताल निर्माण गर्ने सरकारको निर्णयानुसार माम्लिङ स्वास्थ्य चौकिलाई ५ बेडको आधारभूत अस्पतालको रुपमा स्तरोन्नती गर्ने कार्यको सुरुवात भएको छ । तामाफोक स्वास्थ्य चौकिमा प्रयोगशाला स्थापना गर्न आवश्यक

सामग्री र जनशक्ति व्यवस्थापन गरिएको छ साथै सबै नगरवासीलाई स्वास्थ्यको पहुँचको अनुभूति दिलाईएको छ ।

**ग. पूर्वाधार क्षेत्र**

यस नगरक्षेत्रका सम्पुर्ण क्षेत्रमा सडकको पहुँच पुऱ्याउने उद्देश्यले अफ्ठ्यारो सडकमा र खोल्सीहरुमा सोलिङ गरी आवतजावत कार्य सहज बनाईएको छ । यस नगरपालिकाको वडा नं. ७ र चैनपुर नगरपालिका वडा नं. १० लाई जोड्नका लागि कल्लेरी पुच्छर झोलुङ्गे पुल निर्माण गरिएको छ । नगरपालिकाका वडाहरुको भवन निर्माणका लागि वडा नं. ३ मा नगरपालिका, वडा र जिल्ला समन्वय समितिको संयुक्त पहलमा पहिलो वडा कार्यालय भवन निर्माण कार्य सुरुवात गरिएको छ ।

**घ. वातावरण तथा विपत व्यवस्थापन क्षेत्र**

यो नगरपालिका पहाडी क्षेत्रको नगरपालिका सिमित श्रोत साधनका कारण सिमित आन्तरिक आम्दानी भएकाले विपद् व्यवस्थापनको क्षेत्रमा पर्याप्त बजेट विनियोजन गर्न नसकिएको अवस्था भएकाले वातावरण तथा विपद् व्यवस्थापन समितिको सिफारिसमा पूर्ण क्षति भएकालाई रु. १०,०००/- (अक्षरेपीः दस हजार) मात्र र आंशिक क्षति भएकालाई रु. ५,०००/- (अक्षरेपीः पाँच हजार) मात्र क्षतिपुर्ती स्वरुप प्रदान गरिएको छ।

**ङ. संस्थागत विकास सेवा प्रवाह र सुशासन क्षेत्र**

कर्मचारी व्यवस्थापनका क्षेत्रमा लोक सेवा आयोगबाट सिफारिस भई स्थानीय तहमा स्थायी नियुक्ति भएका कर्मचारीहरुले नगरपालिकाका सबै शाखामा पर्याप्त कर्मचारी हुनु र सबै वडामा वडा सचिवको व्यवस्थापनले सार्वजनिक सेवा प्रवाह सहज भएको छ । कर्मचारीहरुको क्षमता विकासमा विभिन्न शीर्षकबाट बजेट विनियोजन भएता पनि कोभिड-१९ का कारणले त्यस्ता कार्यक्रमहरु गर्न सकिएन । कोभिड-१९ का कारण अन्तिम लेखापरीक्षण ढिला भएता पनि लेखापरीक्षण कार्य सफलतापुर्वक सम्पन्न गरिएको छ । साथै लेखापरीक्षणका सिलसिलामा लेखापरीक्षणसम्बन्धी ज्ञान पनि हासिल गरियो । नगरपालिका र वडा कार्यालयहरुको राजश्व प्रणाली डिजिटल माध्यमबाट सञ्चालनमा ल्याइएको छ । स्टोर शाखामा समेत विद्युतीय प्रणालीबाट माग फारम, खरिद आदेश तथा दाखिला प्रतिवेदन तयार गर्ने पद्धती लागू गरिएको छ । कोभिड-१९ का कारण सिमित समयमा सबै कार्यक्रम/योजना सम्पन्न गरिसक्नुपर्ने भएकाले अन्य कार्यहरु गर्नका लागि समय अभाव हुन गएको छ ।

**च. अन्य**

राष्ट्रिय फुल लालिगुराँस र विभिन्न हिमशृङ्खलाहरुको मनोरम दृश्य अवलोकन गर्न सकिने यस नगरपालिका पर्यटकीय दृष्टिकोणबाट धैरै सम्भावनाहरु रहेको नगरपालिका हो । समुद्र सतह देखि ११२ कि.मि. देखि २४७९ मि. सम्मको विषम हावापनी र जातीय विविधता रहेको यस नगरपालिकामा प्रसस्तै आर्थिक सम्भवनाहरु रहेका छन् । दिर्घकालीन योजना बनाउन नसक्दा यथेस्ट आन्तरिक आम्दानी हुन सकेको छैन ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

अब म दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

**क दीर्घकालीन सोच**

धर्मदेवी नगरपालिकाको समस्त विकासमा नगरवासीहरुको सहभागिता अभिवृद्धि गर्दै सन्तुलित, दिगो, गुणस्तरयुक्त विकास, जनमुखी, जवाफदेही, मितव्यायी एवं पारदर्शी सेवा प्रदान गर्दै सुन्दर पर्यटकीय नगरीको रुपमा विकास गर्ने र जल, जङ्गल, कृषि, उर्जा, सडक, खानेपानी, सिंचाई, खानी, स्वास्थ्य र शिक्षा क्षेत्रको समुचित विकास गरी आत्मानिर्भर नगरको उच्च जीवनस्तर सहितको समृद्ध नगर निर्माण गर्ने दीर्घकालीन सोच हुनेछ ।

## ख दीर्घकालीन लक्ष्य

लोकतान्त्रिक शासन पद्धतिमा जनता नै सर्वोच्च अङ्ग भएको हुँदा शासन प्रक्रियामा जनतालाई सहभागी गराई जनता कै शासन पद्धति स्थापित गराई साधन र श्रोतको उचित परिचालन, विनियोजन र विकासको प्रतिफल सन्तुलित र समावेशी ढङ्गले नगरवासी समक्ष पुऱ्याउने यस नगरपालिकाको दीर्घकालीन लक्ष्य रहनेछ ।

## ग दिर्घकालीन उद्देश्य

कृषि तथा पशुपालनमा जोड दिई आत्मनिर्भर कृषि पद्दतिलाई स्थापित गर्ने, नगर क्षेत्रका विकासका लागि सिमित साधन र श्रोतको उचित परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने र नगरको समग्र भौतिक संरचनाको विकासका साथसाथै शिक्षा, स्वास्थ्य र गुणस्तरीय जीवनमा गुणात्मक र परिमाणात्मक परिवर्तन ल्याउने ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

अब म आ.व. २०७८/०७९ को अपेक्षित उपलब्धि प्रस्तुत गर्ने अनुमती चाहान्छु ।

## आ.व. २०७८/०७९ को अपेक्षित उपलब्धिहरु

गरिबी न्युनीकरणमा सहयोग पुग्ने र स्वरोजगार सिर्जना हुने रोजगारीका अवसरहरु बढ्ने उत्पादनमुलक पुर्वाधारको विकास तथा अपाङ्ग मैत्री बाल मैत्री तथा महिला मत्रै संरचना निर्माण गरिने छ । कृषिलाई कृषि पर्यटनमुखी बनाइने छ, पर्यटन प्रवर्द्धन गरिदै लगिनेछ, शिक्षा र स्वास्थ्यमा नगरवासीहरुको पहुँच अभिवृद्धि गरिनेछ, महिला, बालबालिका, जेष्ठ नागरिक तथा लक्षित वर्ग कार्यक्रममा जोड दिइने छ । नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्दा पारदर्शी, जवाफदेही, मीतव्ययी, नियमसङ्गत, सहभागितामूलक प्रकृया अवलम्बन गरिनेछ । सूचना प्रविधिमा नगरवासीको पहुँच अभिवृद्धि गर्दै लगिनेछ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

अब म आ.व. २०७८/०७९ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा अबलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु र प्राथमिकताहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**प्रमुख आधारहरु**

यस नगरपालिकाले वार्षिक योजना तथा बजेट तर्जुमा र कार्यान्वयन गर्दा निम्न बिषयहरुलाई आधार लिईएको छ।

१. नेपालको संविधान

२. स्थानीय सरकार सञ्चालन ऐन-२०७४

३. राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन-२०७४

४. अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४

५. सङ्घीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु

६. स्थानीय तहमा कानुन तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पत्ती हस्तान्तरणसम्बन्धी निर्देशिका- २०७४

७. स्रोत साधन

८. विकास अन्तरसम्बन्धित बिषयहरु

९. नेपाल सरकारले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिवद्धताबाट सिर्जित दायित्वहरु, सङ्घ र प्रदेश सरकारले अवलम्बन गरेका अन्य आर्थिक नीतिहरु

**प्रमुख प्राथमिकताहरु**

१. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुऱ्याउने
२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने
३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने
४. स्थानीय सहभागीता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने
५. स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने
६. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने
७. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने
८. दिगो विकास, वातावरण संरक्षण तथा सम्वर्द्धन गर्न सघाउ पुग्ने
९. भाषिक, सांस्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने
१०. पुरात्विक तथा पर्यटन क्षेत्रको दिगो विकास हुने

**प्रमुख नीतिहरु**

१. कृषिमा व्यवसायीकरण, आधुनिकीकरण गर्न कृषि तथा पशुपालनबाट उत्पादन बढाइनेछ । "**एक वडा एक उत्पादन**" कार्यक्रम थालनी गरिनेछ । कृषिलाई आकर्षित बनाई युवा पलायन रोकी कृषि पेशामा युवालाई आकर्षित गर्ने कृषि पशुपालन र सम्बद्ध विषयमा आमूल सुधारको थालनी गरिनेछ ।
२. प्रकोप जोखिम नियन्त्रणात्मक खोजी कार्यमा सतर्कता अपनाइने छ । सोका लागि विपद् व्यवस्थापन कोष मजबुत बनाइनेछ ।
३. दिगो विकासलाई सहयोग पुऱ्याउने कार्यक्रममा जोड दिइनेछ ।
४. स्थानीय पूर्वाधार विकास (यातायात, खानेपानी, वैकल्पिक उर्जा शहरी विकास, सामाजिक पूर्वाधार) योजनालाई प्राथमिकतासाथ सञ्चालन गरिनेछ ।
५. सबै वडा क्षेत्रमा यातायात सञ्चालनको सुनिश्चितता गरिनेछ ।
६. सौर्य बत्ति विस्तार र नविकरणीय उर्जामा जोड दिइनेछ । "**नगर उज्यालो कार्यक्रम**" सञ्चालन गरिनेछ।

७. महिला, दलित, आदिवासी जनजाती अपाङ्गता भएका व्यक्ति तथा विपन्न वर्गको सुनिश्चित र लक्षित वर्गलाई रोजगारी सृजना हुने कार्यक्रम सञ्चालन गरिनेछ ।
८. लैङ्गिक समानता तथा महिला सशक्तीकरण कार्यक्रमलाई जोड दिइनेछ । महिला बालबालिकाका लागि हुने सबै प्रकारका हिंसा दर्व्यवहार र भेदभाव न्यूनीकरण गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गरेछ ।
९. नगरका अधुरा सबै प्रकारका योजनालाई पूर्णता दिइनेछ ।
१०. आधारभूत स्वास्थ्य सेवालाई पहुँच योग्य सेवामा अभिवृद्धि गरिनेछ ।
११. पञ्जीकरण कार्यलाई प्रविधि मैत्री र पारदर्शी बनाइनेछ।
१२. युवाहरुको विकास र सशक्तीकरण गरी रोजगारी प्रवर्द्धनमा जोड दिइनेछ ।
१३. खाद्यपोषण सुरक्षाका लागि कोल्ड स्टोरको व्यवस्था सम्बन्धित क्षेत्रसँग समन्वय गर्ने र किसानलाई राम्रो मूल्यको रकम हातैमा पुऱ्याउने नीति लिइनेछ ।
१४. आकर्षक पर्यटकीय गन्तव्य घोषणा गरी परियोजना प्रतिवेदन बनाई कार्यारम्भ गरिनेछ ।
१५. शिक्षा क्षेत्रलाई सिर्जनात्मक र परिवर्तनको आधारशिलाको रुपमा स्थापित गरिनेछ।
१६. सबैका लागि खेलकुद अवधारणा अन्तर्गत खेलकुद कार्यक्रम प्रतियोगिता मैत्री खेलहरु सञ्चालन गर्दै लगिनेछ ।
१७. विपद न्यूनिकरण गर्नका लागि एक कार्ययोजना बनाई लागु गरिनेछ ।
१८. सामाजिक सदभाव कायम गर्न संस्कृति जगेर्ना गर्ने सृजनात्मक संरचना र कार्यक्रम गरी लागू गरिनेछ ।
१९. कृषिजन्य उद्योग, वन्यजन्य उद्योग, होम-स्टे, व्यापार जन्य उद्योगका क्षेत्रमा साझेदारी, सहयोग कार्यक्रम सञ्चालन गरिनेछ ।
२०. कोभिड-१९ जस्ता महामारीबाट बच्न स्वच्छ खाना र सरसफाईमा ध्यान दिने नीति लिइनेछ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
अब म आ.व. २०७८/०७९ को क्षेत्रगत नीति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**क्षेत्रगत नीति**

**क. आर्थिक क्षेत्रः**

- **कृषि**

१. निर्वाहमूखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणाली तथा आर्गेनिक कृषि प्रणाली तर्फ उन्मुख गर्दै लगिनेछ ।
२. कृषिलाई जीवन पद्दतिको रुपमा स्थापित गर्न कृषि शिक्षालाई विद्यालयस्तर देखि नै समाहित गरी कृषि पेसालाई आकर्षित र मर्यादित बनाइनेछ ।
३. दूध, अण्डा तथा मासुको उपलब्धता बढाउन नस्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ र कृषिको भण्डारको लागि चिस्यान केन्द्रको स्थापनाको लागि निजी क्षेत्रसँग समन्वय गरिनेछ ।
४. कृषिको व्यवसायिकीकरणका लागि भूमीको उपलब्धताको सुनिश्चितता गर्नुको साथै करार, समूह वा सहकारी खेतीका लागि एकीकृत भूमी व्यवस्थापन प्रणाली विकासका लागि एक कार्य नीति बनाइनेछ ।
५. कृषि डायरीको प्रकासन गरिनेछ ।
६. कृषि उत्पादन, प्रशोधन, भण्डारण तथा बजारीकरण प्रकृयामा आवश्यक अनुदानको व्यवस्था तथा वीमा सेवाको कार्यक्रम लागू गरिनेछ ।

७. कृषि क्षेत्रमा लगानी वृद्धि गर्न सहुलियत पूर्ण दरमा सम्बन्धित सरोकारवालाहरुको सहकार्यमा सहुलियत कर्जा कार्यक्रम सञ्चालन गरिनेछ ।
८. युवा लक्षित कृषि कार्यक्रमको दिग्दर्शन बनाई कृषि रोजगारीको सृजना गरिनेछ ।
९. मुडेशनिश्चरे बजार क्षेत्रभित्र कृषि बजारको स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
१०. स्वास्थकर मासु खान पाउने उपभोक्ताको अधिकारको संरक्षण गर्नका लागि मासु व्यवसायलाई व्यवस्थित गर्नका लागि बजार लाग्ने क्षेत्रहरुमा व्यवस्थित पशुवधशाला निर्माण तथा सञ्चालन गरिनेछ ।
११. लोपोन्मुख वीउ, विजन, पशुपंक्षीजन्य जैविक विविधताको संरक्षण गरिनेछ ।
१२. कृषिलाई जलवायू परिवर्तन अनुकूल उत्पादनशील प्रविधिको विकासमा जोड दिइनेछ ।
१३. कृषि यन्त्र उपकरणमा अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ ।
१४. कृषि व्यवसायलाई जीवनको आधार निर्माण गर्नको लागि बेमौसमी खेती, अलू, अलैचीँ, किवी, अम्लिसो, चीया, फलफूल, आदिको पकेट क्षेत्र र ब्लक क्षेत्र निर्माण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिनेछ ।
१५. एक गाउँ एक उत्पादन कार्यक्रम लागू गरिनेछ ।
१६. मोबाइल पशु क्लिनिक सञ्चालन गरिनेछ ।
१७. व्यवसायिक पशुपालनमा जोड दिइनेछ । साथै गोठ सुधार कार्यक्रम लागू गरिनेछ ।
१८. व्यवसायिक पशुपालनका लागि अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ ।
१९. व्यवसायिक कृषि तथा पशुपालनका लागि आवश्यक तालिम तथा गोष्ठीको आयोजना गरिनेछ ।
२०. कृषि तथा पशुपालनलाई परिस्कृत बनाउन भ्रमण कार्यक्रमको आयोजना गरिनेछ ।
२१.

- **उद्योग तथा वाणिज्य**

१. नगर क्षेत्रभित्र हाल सञ्चालनमा रहेका र भविष्यमा सञ्चालनमा आउने उद्योग व्यवसायहरुलाई उद्योग वाणिज्य सङ्घको सक्रियतामा नगरपालिकामा दर्ता गरी व्यवसाय प्रवर्द्धन गर्न प्रोत्साहित गरिनेछ ।
२. हावा, पानी र माटो सुहाउदो उद्योग स्थापना गर्नका लागि विकास साझेदारी र निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।
३. मुडे बजार क्षेत्रभित्र पेट्रोल पम्प स्थापनाका लागि निजी क्षेत्रलाई आह्वान गरिनेछ ।
४. स्थानीय साना घरेलु तथा कुटी उद्यम व्यवसायलाई प्रवर्द्धन गर्ने नीति लिइनेछ ।
५. उद्यमशीलता विकासका लागि घरेलु कार्यालय तथा उद्योग वाणिज्य सङ्घको सहकार्यमा उद्यमशील तालिम, गोष्ठी र सेमिनारको आयोजना गरिनेछ ।
६. विपन्न महिलाहरुका लागि जीविकोपार्जन सुधार गर्न विभिन्न प्रकारका विकास साझेदारी सङ्घ संस्थाहरुसँग समन्वय र सहकार्य गरी उद्यमशील विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
७. चीया उत्पादन, प्रशोधन तथा बिक्रीको उचित प्रबन्ध मिलाइनेछ ।
८. छुर्पी उद्योग प्रवर्द्धन गरिदै लगिनेछ ।

- **धार्मिक तथा पर्यटन**
  १. धर्मदेवी नगरपालिका क्षेत्रभित्र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण स्थानको पहिचान गरी पर्यटन प्रवर्द्धन गरिदै लगिनेछ ।
  २. पर्यटन प्रवर्द्धनका लागि "**पर्यटन गुरु योजना**" बनाई लागू गरिनेछ ।
  ३. नगर क्षेत्रभित्रका मठ, मन्दिर, पाटी, पौवा, बौद्ध, चैत्य, गुम्बा, चर्च, धर्मशाला लगायत अन्य धार्मिक धार्मिक महत्व राख्ने वस्तुहरुको संरक्षण तथा मर्मत सम्भार गरी धार्मिक तथा पर्यटकीय स्थल बनाइनेछ ।
  ४. यलम्बर पार्कमा घण्टा घर **(Clock Tower)** निर्माण गरी धार्मिक तथा पर्यटनको प्रवर्द्धन गरिनेछ ।
  ५. ऐतिहासिक, पुरातात्विक र सांकृतिक धरोहरको रुपमा रहेको धर्मदेवी मन्दिरलाई जीर्णोद्धार गर्ने र नगर पोखरीको निर्माण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।
  ६. प्यारा ग्लाइडिङको सम्भाव्यता अध्ययन गरिनेछ ।
  ७. नगरपालिकाले पायक पर्ने स्थानको खोजी गरी नगर पार्क, सहिद पार्क, **Children Park** को स्थापना गरिदै लगिनेछ ।
  ८. दृश्य अवलोकनका लागि पार्क सहितको **View Tower** निर्माण कार्य अगाडी बढाउदै लगिनेछ।
  ९. मुडे बजार क्षेत्रभित्र **Town Tower** निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरिनेछ ।
  १०. गुँरासको राजधानी तिनजुरे, मिल्के, जलजले क्षेत्रभित्र रहेको पाथिभरा मन्दिरको पर्यटन प्रवर्द्धन गर्नको लागि एक गुरु योजना (**Master Plan)** बनाई सोही अनुरुप कार्य गरिदै लगिनेछ ।
  ११. विकास साझेदारीहरुको सहकार्यमा **Home Stay** सञ्चालन गरिदै लगिनेछ ।
  १२. आन्तरिक तथा बाह्य पर्यटकहरुका लागि होटल, पाहुना घर तथा रेष्टुरेण्ट निर्माणका लागि निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

- **सहकारी**
  १. "**गाउँ गाउँमा सहकारी घर घरमा रोजगारी**" भन्ने नारालाई मूर्त रुप दिन एक वडा एक कृषि सहकारी गठन गरी कृषि सहकारी मार्फत् किसानहरुको आय आर्जनमा वृद्धि गरी जीवनस्तर माथी उठाउदै लगिनेछ ।
  २. नगरपालिकाले सहकारी शाखाको व्यवस्थापन गरी सहकारी गठन, दर्ता, परिचालन यसै आ.व.बाट सुरु गरिनेछ ।
  ३. हाल सञ्चालनमा रहेका सहकारीहरुको प्रभावकारी अनुगमन र मुल्याङ्कन गरिनेछ ।
  ४. सहकारी शिक्षा तथा तालिमको व्यवस्था गरिदै लगिनेछ ।
  ५. सहकारीको अभ्यासलाई परिस्कृत गर्दै लैजान सहकारीका सदस्यहरूलाई सहकारी शिक्षा र पदाधिकारी हरूलाई सहकारी व्यवस्थापन सम्बन्धी तालिम लिने दिने व्यवस्था गरिनेछ ।
  ६. सहकारी अध्ययन भ्रमणको कार्यक्रम सञ्चालन गरिनेछ ।

- **वित्तीय क्षेत्र**
  १. बैङ्किङ सेवा विस्तारका लागि सङ्घीय अर्थ मन्त्रालय तथा नेपाल राष्ट्र बैङ्कसँग समन्वय गर्दै अन्य थप वाणिज्य बैङ्कहरुको शाखा स्थापनाका लागि पहल कदमी चालिनेछ ।
  २. हाल सञ्चालनमा रहेका वित्तीय सङ्घ, संस्थाहरुको सेवा चुस्त, दुरुस्त तथा भरपर्दो बनाइदै लगिनेछ ।
  ३. भुक्तानी प्रणालीलाई सुरक्षित, स्वस्थ र विश्वसनीय बनाउनका लागि हाल सञ्चालनमा रहेको बैङ्कलाई आग्रह गरिनेछ ।
  ४. "**जनतासँग बैङ्क**" कार्यक्रमलाई अगाडी बढाउन हाल सेवा प्रवाह गर्दै आएको बैङ्कसँग समन्वय गरी प्रत्येक नगरवासीलाई खाता खोल्न प्रोत्साहन गरिनेछ ।

**ख. सामाजिक क्षेत्रः**

- **स्वास्थ्य**
  १. कोभिड-१९ अर्थात् कोरोना भाइरसको जाँच, क्वारेन्टाइन, आइसोलेसन निर्माण सञ्चालनका लागि अन्तरपालिका लागत साझेदारी गर्ने नीति अवलम्बनलाई निरन्तरता दिइनेछ ।
  २. धर्मदेवी नगरपालिकाले "**नगर कोरोना उपचार कोष**"को स्थापना तथा सञ्चलान गर्नेछ । उक्त कोष मार्फत् कोभिड-१९ का बिरामीको उपचार तथा कोभिड-१९ को रोकथाम र नियन्त्रणसम्बन्धी कार्य सञ्चालन गरिनेछ ।
  ३. "**एक विद्यालय एक स्वास्थ्यकर्मी**" नीति कार्यान्वयनमा ल्याइनेछ ।
  ४. "**योग गरौँ निरोग बनौँ**" भन्ने नारालाई मूर्त रुप दिन सबै वडा केन्द्रमा योग शिविर सञ्चालन गरिने तथा नगरस्तरमा एक योग साधना केन्द्रको स्थापना गरिनेछ ।
  ५. आगमी दुई वर्षभित्र नगरपालिकामा एक पाँच शैयाको सुविधा सम्पन्न अस्पतालको स्थापना गरी सेवा सुचारु गरिनेछ ।
  ६. स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी बनाउन प्रथम सेवा विन्दु नगरपालिकामा नै स्थापना गर्न पहल गरिनेछ र वीमा कार्यक्रमलाई प्राथमिकतामा राखी सम्पूर्ण नागरिकलाई स्वास्थ्य वीमाको पहुँचमा वृद्धि गरिनेछ ।
  ७. कडा रोगबाट पीडित नगरवासीहरुको औषधि उपचार सेवा लिन सहज तुल्याउने स्वास्थ्य यातायात खर्चलाई निरन्तरता दिइनेछ ।
  ८. जिरो होम डेलिभरीको आधार तयार गर्न आमा सुरक्षा कार्यक्रमलाई प्रभावकारी बनाई बर्थिङ सेन्टर तथा सुरक्षित गर्भपतन सेवाको पहुँचमा वृद्धि गरिनेछ ।
  ९. गर्भवति तथा सुत्केरी आहरुको लागि निःशुल्क क्यालसियम वितरण भिडियो एक्स-रे तथा ल्याब सेवा, मेरो बाबालाई चिठ्ठी मार्फत् सेवामा पूर्ण सहभागिता गराइनेछ ।
  १०. सुत्केरी आमाहरुको लागि स्वास्थ्यकर्मी घरदैलो सेवालाई निरन्तरता दिइनेछ ।
  ११. मासिक प्रोत्साहन कार्यक्रम मार्फत् महिला स्वास्थ्य स्वयं सेविकाहरुले प्रदान गर्ने स्वास्थ्य सेवालाई प्रभावकारी बनाइनेछ ।
  १२. स्वास्थ्य संस्थामा स्वास्थ्य संस्थाको तथ्याङ्क व्यवस्थापनलाई प्रविधिमैत्री बनाई विद्युतीय स्वास्थ्य अभिलेखिकरण गर्ने व्यवस्था मिलाइनेछ ।
  १३. औषधिजन्य जडिबुटिको व्यवसायिक खेती गर्नको लागि अनुदान दिने व्यवस्था मिलाइनुको साथै उत्पादित जडिबुटिको सङ्कलन र प्रशोधनको व्यवस्था मिलाइनेछ ।

१४. आयुर्वेद, पञ्चकर्म, योग र प्राकृतिक चिकित्साको विशिष्टकृत सेवासहित योग, ध्यान प्रणायम, पञ्चकर्म तथा प्राकृतिक चिकित्सा सेवा केन्द्रको स्थापना गरी स्वास्थ्य पर्यटनलाई प्रवर्द्धन गरिनेछ ।
१५. लोप हुँदै गएका जडिबुटिहरुको संरक्षण र प्रवर्द्धन गरिनेछ ।
१६. स्वास्थ्य संस्थामा सञ्चालनमा रहेको प्रयोगशालालाई सुदृढिकरण गर्नुका साथै सेवामा गुणस्तरियता बढाउने कार्यलाई जोड दिइनेछ ।
१७. परोपकार कोष स्थापना गरी सञ्चालनमा ल्याइनेछ ।
१८. शिशु, बाल, मातृ मृत्युदर घटाउनको लागि विशेष कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।
१९. स्वास्थ्य संस्थाहरुको भौतिक सुधारमा जोड दिइनेछ ।

- **शिक्षा**

१. सामुदायिक विद्यालयहरुको भौतिक पूर्वाधार विकास तथा स्तरोन्नतिका लागि विकास साझेदारीसँग समन्वय गरी श्रोतको व्यवस्थापन गरिनेछ ।
२. नगरका सबै विद्यालयहरुमा श्रोत साझेदारीमा पुस्तकालय तथा विज्ञान प्रयोगशाला स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।
३. आगामी वर्षबाट शिक्षक विद्यार्थी दरबन्दि मिलान, विद्यालयलाई क्रमिक रुपमा डाउन साइज, समायोजन/मर्ज गर्ने नीति लिइनेछ ।
४. नगर छात्रावृत्ति कोषको स्थापना गरी उच्च शिक्षा अध्ययन गर्न चाहनेलाई [एम. बि. बि. एस., एम. फिल. र पि. एच. डि. गर्नेलाई] उक्त कोषबाट छात्रावृत्ति प्रदान गरिने व्यवस्था मिलाइनेछ ।
५. विद्यार्थीमा अन्तरनिहित प्रतिभाको विकासको लागि प्रतिभा पहिचान कार्यक्रम सञ्चालन गरिनेछ ।
६. धर्मदेवी नगरपालिकाको शैक्षिक गुणस्तर विकासका लागि शैक्षिक गुरु योजना निर्माण गरिने छ ।
७. आगामी आ.व.बाट शैक्षिक क्यालेण्डर निर्माण गरी शैक्षिक गतिविधिलाई गतिशील बनाइनेछ ।
८. शैक्षिक अवलोकन भ्रमण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।
९. आगामी आ.व.बाट उज्यालो विद्यालय कार्यक्रम अन्तर्गत थप निमावि र मावि विद्यालयमा विस्तार गरिनेछ ।
१०. मेयरसँग बालबालिका कार्यक्रम आगामी आ.व.बाट सञ्चालन गरिनेछ ।
११. कोभिड-१९ को प्रभावसँग जुध्न वैकल्पिक शिकाई प्रणालीको विकास गरिनेछ ।
१२. शिक्षण संस्थाहरुको प्रभावकारी अनुगमन, निरीक्षण तथा मुल्याङ्कन गर्ने व्यवस्था मिलाइनेछ ।
१३. हरेक शैक्षिक शत्रको अन्त्यमा शैक्षिक गतिविधि समेटेर शैक्षिक दर्पण पुस्तक प्रकासन गरिनेछ।
१४. आगामी आ.व.मा ईन्टरनेटको पहुँच नपुगेका विद्यालयहरुमा ईन्टरनेटको विस्तार गरिनेछ र सूचना प्रविधिमैत्री बनाइनेछ ।
१५. न्यानो विद्यालय र हरित विद्यालय कार्यक्रमलाई उच्च प्राथमिकतामा राखिनेछ ।
१६. वार्षिक परीक्षामा उत्कृष्ट विद्यार्थीलाई छात्रावृत्तिको व्यवस्था मिलाइनेछ ।
१७. उत्कृष्ट शिक्षक, कर्मचारीलाई पुरष्कारको व्यवस्था मिलाइनेछ ।
१८. भाषा, साहित्य र कलामा विशेष योगदान पुर्याउने स्रष्टालाई सम्मान गर्ने नीति लिइनेछ ।
१९. आर्थिक रुपले विपन्न, दलित, जनजाती, सिमान्तकृत, द्वन्द्व पीडित र विपत्तीमा परेका बालबालिकाहरुलाई विशेष छात्रावृत्तिको व्यवस्था मिलाइनेछ ।

२०. सबै सामुदायिक विद्यालयहरुमा शैक्षिक सामग्री, खेल सामग्री, स्वास्थ्यका प्राथमिक उपचारका सामग्रीहरुको व्यवस्था मिलाइनेछ ।
२१. शिक्षक, कर्मचारीको छनौट प्रकृयाको लागि विशिष्ट कार्यक्रम बनाई आगामी आवबाट कार्यान्वयनमा ल्याइनेछ ।
२२. प्रारम्भिक कक्षा विस्तार गर्ने तथा नगरपालिकाबाट वितरण हुने अनुदानलाई वैज्ञानिक तथा पारदर्शी बनाइनेछ ।

- **संस्कृति प्रवर्द्धन**

१. नगर क्षेत्रभित्र परम्परादेखि सञ्चालन हुँदै आएका मौलिक, कला, सांस्कृति विभिन्न जातजातीका भाषाहरुको संरक्षण र संवर्द्धन गरिदै लगिनेछ ।
२. साहित्य, कला तथा विभिन्न जात जातीका भेषभूषा एवं सांस्कृतिक दृष्टिकोणले महत्वपूर्ण मानिएका चिज वस्तुहरुको सङ्कलन गरी संरक्षण र संवर्द्धनका लागि हाङ यलम्बर पार्कमा **धर्मदेवी सङ्ग्राहलय**को स्थापना गरिनेछ ।
३. परम्परागत रुपमा प्रचलनमा रहेका नाच, गान, वाजा तथा धर्म संस्कृतिको संरक्षण गरिनेछ ।
४. धर्म संस्कृतिअनुसार प्रचलनमा रहेका मेला, जात्रा, पर्व, महोत्सवको संरक्षण एवं संवर्द्धन गरिनेछ ।
५. लोप हुँदै गएका सांस्कृतिहरुको उत्खनन गरिनेछ ।

- **खेलकुद तथा मनोरञ्जन**

१. "**स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद**" भन्ने नारालाई मूर्त रुप दिन नगर खेलकुद विकास समिति मार्फत् खेलकुद विकास कार्यक्रमलाई एकद्वार प्रणालीमा ल्याइनेछ।
२. नगरपालिका क्षेत्रभित्र खेलकुद विकासका लागि कवड हल तथा रङ्गशालाको स्थापना गरिनेछ।
३. नगरस्तरीय खेलकुद, मेयर गोल्ड क्लब, राष्ट्रपति रनिङ शिल्ड, अन्तर नगर खेलकुदलगायत अन्य सबै प्रकारका खेलहरु समय समयमा सञ्चालन गरिनेछ ।
४. लोप हुँदै गएको राष्ट्रिय खेलहरुको संरक्षण गरिनेछ ।
५. नगरभित्र छरिएर रहेका खेलकुदसँग आबद्ध क्लबहरुलाई नगर खेलकुद विकास समिति अन्तर्गत ल्याइनेछ ।
६. खेलकुद विकासका लागि आवश्यक खेल सामग्री वितरण गरिनेछ ।

- **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण**

१. बजेट, नीति तथा कार्यक्रम निर्माण गर्दा सामाजिक समावेशीकरणअनुसार गरिनेछ ।
२. लक्षित समूह विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
३. बालमैत्री स्थानीय शासन राष्ट्रिय रणनीति, २०६८ अनुसार बालमैत्री नगरपालिका स्थापना गर्ने तथा बाल श्रम उम्मुलन कार्यक्रम अगाडी बढाइनेछ ।
४. महिला अधिकार, महिला सशक्तिकरण, घरेलु हिंसा, महिला स्वास्थ्य आदि बारे जनचेतनामूलक कार्यक्रम ल्याइनेछ ।
५. जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिने तथा जेष्ठ नागरिक दिवा सेवा केन्द्र र जेष्ठ नागरिक चौतारी स्थापनाको लागि आवश्यक व्यवस्था मिलाइनेछ ।
६. सामाजिक विकृतिका रुपमा रहेका जातीय छुवाछुत, दाइजो प्रथा, बाल बिवाह जस्ता सामाजिक कुसंस्कारहरुको न्यूनिकरणका लागि जनचेतना अभिवृद्धि गरिदै लगिनेछ ।

७. महिला स्वरोजगार कार्यक्रम कार्यान्वयन ल्याइनेछ ।
८. काममा लिङ्गको आधारमा भेदभाव गरिने छैन ।

## ग. पूर्वाधार क्षेत्रः

१. सहभागितामूलक योजना छनौट प्रकृयाबाट छनौट भई आएका आयोजनाहरुलाई प्राथमिकताका आधारमा नगर विकास आयोजनामा समावेश गरिनेछ । यसरी आयोजना समावेश गर्दा क्रमागत आयोजनाहरु र थोरै लगानीले धेरै प्रतिफल दिने आयोजनाहरुलाई आधार लिइनेछ ।
२. गरिबी न्यूनीकरणमा सहयोग पुग्ने स्वरोजगार सिर्जना हुने, रोजगरीका अवसरहरु बढ्ने, उत्पादनमूलक पूर्वाधारहरुको विकास निर्माणमा प्राथमिकताका साथ लगानी वृद्धि गर्न निजी, सरकारी तथा गैर सरकारी क्षेत्र र अन्य विकास साझेदारीहरुसँग सहकार्य गरिने छ ।
३. अपाङ्गमैत्री, बालमैत्री र महिलामैत्री संरचनामा जोड दिइनेछ ।
४. आयोजना सञ्चालन गर्दा, आयोजना स्थलमा आयोजनासम्बन्धी जानकारी गराउने होडिङबोर्ड अनिवार्य रुपमा राख्ने व्यवस्था मिलाइने छ ।
५. धर्मदेवी नगरपालिकाले आवधिक नगर विकास योजना, नगर यातायात गुरुयोजना, भू उपयोग नीति,बस्ती विकास योजना, भवन निर्माणसम्बन्धी आधारभूत मापदण्ड, भवन निर्माण आचारसंहिता र गरिबी न्यूनीकरण जस्ता योजनाहरु तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
६. उपभोक्ता समितिबाट सञ्चालन हुने आयोजनाहरु मध्ये कटिङका आयोजनाहरुमा २०% र अन्य सबै प्रकारका आयोजनाहरुमा १०% श्रम सहभागिता गरिनेछ ।
७. टोल तथा वडाबाट छनौट भई आएका नगर विकास योजनामा र वडा विकास योजनामा समावेस नभएका आयोजनाहरुलाई नगर योजना बैङ्कमा राखी प्राथमिकताका आधारमा सञ्चालन गरिदै लगिनेछ ।
८. विकास निर्माणमा ई-बिडिङ प्रणाली लागू गरिदै लगिनेछ ।
९. उत्कृष्ट उपभोक्ता समितिलाई उचित पुरस्कार सहित सम्मान गरिनेछ ।

- **स्थानीय सडक, पुल तथा झोलुङ्गे पुल**

१. नगरस्तरीय सडक, ग्रामिण सडक तथा कृषि सडक छुट्याइदै लगिनेछ ।
२. सडकहरुको सडक सीमा तथा सेट ब्याक कायम गरिनेछ ।
३. उपभोक्ता समितिबाट सडक निर्माण गर्दा स्थानीय श्रम र सीपको अधिकतम उपयोग गरिदै लगिनेछ ।
४. ड्रेन सहितको सडक निर्माणमा जोड दिइनेछ ।
५. मुडे बजार क्षेत्रभित्र भएका कच्ची सडकहरुलाई कन्क्रिट ढलान गरिनेछ ।
६. सडक सीमा अतिक्रमण गरी निर्माण गरिएका संरचनाहरु हटाइदै लगिनेछ ।
७. सडक निर्माण गर्दा सडकको दुवै किनारामा वृक्षा रोपण गर्ने नीति लिइनेछ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयनमा ल्याइनेछ ।
८. आवश्यकताअनुसार पुल तथा कज वे निर्माण गर्दै लगिनेछ ।
९. पुल तथा कज वे निर्माण गर्न असम्भव ठाउँहरुमा आवश्यकताअनुसार झोलुङ्गे पुलको व्यवस्था मिलाइनेछ ।

- **सिंचाई**
  १. कृषि योग्य जमीनको लागि सिंचाईको व्यवस्था मिलाइनेछ ।
  २. पानीको श्रोत पहिचान गरी पैनी तथा कुलोको निर्माणमा जोड दिइनेछ ।
  ३. आकासे पानि सङ्कलन, थोपा र फोहोरा सिंचाई प्रणाली अवलम्बन गरिनेछ ।
  ४. किसानलाई सिंचाईमा प्रयोग हुने यन्त्र उपकरणहरुमा अनुदान तथा सहुलियत कर्जाको व्यवस्था मिलाइनेछ ।

- **भवन तथा सहरी विकास**
  १. नगर कार्यपालिकाको प्रशासनिक भवन तथा वडा कार्यालय भवन क्रमशः निर्माण गर्दै लगिनेछ।
  २. नगरपालिकाको रिङ रोड (चक्रपथ) निर्माण कार्यको सम्भाव्यता अध्ययन गरिनेछ ।
  ३. धर्मदेवी नगरपालिकाले **अतिथी सदन** निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी कार्य आरम्भ गरिदै लगिनेछ ।
  ४. नगरपालिका क्षेत्रभित्र निर्माण गरिने घरहरुको निर्माण स्वीकृति तथा नक्सा पास गर्नुपर्ने व्यवस्थालाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।
  ५. भवन निर्माण मापदण्डलाई प्रभावकारी बनाई वस्ती विकास हुने क्षेत्रमा सडक, ढल, खानेपानी र विद्युत जस्ता सुविधाहरुको वृद्धि गर्न श्रोत परिचालन गरिनेछ ।
  ६. धर्मदेवी नगरपालिकाको मुडेशनिश्चरे क्षेत्रमा **बसपार्क** निर्माणको लागि आवश्यक जग्गा व्यवस्थापन गरी निर्माण कार्य अगाडी बढाइनेछ ।
  ७. नगर क्षेत्रभित्र अनियमित र अव्यवस्थित रुपमा जग्गा प्लटिङ गर्ने कार्यलाई नियन्त्रण गर्न जग्गा प्लटिङ सम्बन्धी विनियम तर्जुमा गरी लागू गरिनेछ ।
  ८. नगरपालिकाले उपयुक्त स्थानमा विकास साझेदारीहरुको सहकार्यमा पूर्वाधारयुक्त **Smart City** बनाउने कार्य अघि बढाउदै लगिनेछ ।
  ९. मुडेशनिश्चरे बजार क्षेत्रमा सडक पेटी निर्माण तथा रेलिङको व्यवस्था गरिनेछ ।

- **उर्जा, लघु तथा साना जलविद्युत (वैकल्पिक उर्जा समेत)**
  १. धर्मदेवी नगरपालिकाको बजार क्षेत्रहरुमा सौर्य सडक बत्ती व्यवस्थापनको कार्यलाई स्थानीय सरोकारवालाहरुको सहभागितामा अगाडि बढाइनेछ ।
  २. घर घरबाट निस्किने धुवालाई व्यवस्थापन गर्नका लागि सुधारिएको चुल्हो कार्यक्रम सञ्चालन गरिनेछ ।
  ३. वायोग्यास प्लान्ट निर्माण कार्यलाई लागत सहभागितामा सञ्चालन गरिनेछ ।
  ४. उज्यालो सहर कार्यक्रमको कार्य नीति बनाई प्रभावकारी रुपमा लागू गर्दै लगिनेछ ।
  ५. घर निर्माण सँगसँगै सौर्य उर्जा जडान कार्यक्रम सञ्चालन गरिनेछ ।
  ६. साना जल विद्युत उत्पादन कार्यक्रमको लागि एक कार्यविधि बनाई सङ्घीय सरकार तथा प्रदेश सरकारले बनाएका ऐन, नियमको परिधिभित्र रही उक्त कार्य विधि लागू गरी सरोकारवालालाई साना जलविद्युत उत्पादनमा प्रोत्साहन गरिनेछ ।

- **सूचना / सञ्चार प्रविधि**
  १. धर्मदेवी नगरपालिकाको कार्यालय तथा वडा कार्यालयबाट सञ्चालन गरिने विभिन्न क्रियाकलापहरु ऐन, नियम, नीति, कार्यविधि, कार्यादेश, निर्देशिका, सूचना तथा आयोजनाको विवरण सम्बन्धित सबैको जानकारीको लागि वेवसाइटमा राखिनेछ ।
  २. नगरपालिकाले आफ्नो गतिविधिलाई समेटेर तयार पारिने विषयवस्तुहरु स्थानीय एफ. एम. रेडियोमा प्रशारण गरिनुका साथै स्थानीय पत्रपत्रिकाहरुमा समेत प्रकासन गरिनेछ ।
  ३. नगरवासीहरुलाई सुसूचित गर्नका लागि **नगर सूचना केन्द्र**को स्थापना गरिनेछ ।
  ४. नगरपालिकाबाट प्रदान गरिने सेवालाई **Paperless** तथा प्रविधिमैत्री बनाइनेछ ।
  ५. दर्ता चलानीलाई व्यवस्थित गर्नका लागि प्रविधिमैत्री बनाइनेछ ।

- **खानेपानी तथा सरसफाइ**
  १. "**हाम्रो धर्मदेवी स्वच्छ, सफा र राम्रो धर्मदेवी**" भन्ने नारालाई कार्यान्वयन गर्न एक कार्य नीति बनाई लागू गरिनेछ ।
  २. धर्मदेवी नगरपालिका भरि प्लाष्टिकको झोला प्रयोगलाई न्यूनिकरण गर्दै यसको प्रयोगमा पूर्णरुपमा प्रतिबन्ध लगाइनेछ ।
  ३. स्वच्छ एवं गुणस्तरीय खानेपानीको दिगो व्यवस्थापनको लागि **धर्मदेवी नगर गौरव खानेपानी आयोजना** सञ्चालन गरिनेछ ।
  ४. नगरपालिका क्षेत्रभित्र रहेका खानेपानीका स्रोत तथा मुहानहरु संरक्षण र व्यवस्थापन गरिनेछ ।
  ५. हाल सञ्चालनमा रहेका खानेपानी ट्याङ्कीहरुको मर्मत तथा सम्हार गरी खानेपानीको पहुँच अभिवृद्धि गर्दै लगिनेछ ।

**घ. वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रः**

- **वन तथा भू-संरक्षण**
  १. निजी, सामुदायिक तथा सार्वाजनिक वनको व्यवस्थापनमा सुधार ल्याइनेछ ।
  २. सामुदायिक वन व्यवस्थापन मार्फत् वन नर्सरी, कृषि वन र वनजन्य उद्यम विकासमा जोड दिइनेछ ।
  ३. वन्यजन्तु र त्यसको वासस्थान तथा दुर्लभ वनस्पतीको संरक्षण गरिनेछ ।
  ४. मानव-वन्यजन्तु द्वन्द्व न्यूनिकरणका लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
  ५. एक वडा एक स्थानीय वनको नीति लिइनेछ ।
  ६. वन पैदावारको सङ्कलन, ओसार पसार, प्रशोधन, विक्री वितरण र बजारिकरणको व्यवस्था मिलाइनेछ ।
  ७. वन अतिक्रमण, चोरी निकासी, वन डढेलो जस्ता अपराधलाई निरुत्साहित गरिनेछ ।
  ८. महिला, दलित, आदिवासी, जनजाती तथा स्थानीय समुदायसँग सम्मिलित वन उपभोक्ता समूहद्वारा जिविकोपार्जन कार्यक्रम सञ्चालन गर्न उत्साहित एवं प्रेरित गरिनेछ ।
  ९. भूक्षय, वाढी, पहिरो न्यूनीकरणको लागि एक कार्य योजना बनाई लागू गरिनेछ ।
  १०. भू-संरक्षणको लागि वायो इञ्जिनियरीङ प्रविधिलाई अङ्गिकार गरिनेछ ।
  ११. पहिरो उपचार पद्दति लागू गरिनेछ ।
  १२. भू स्खलन क्षेत्रको पहिचान गरी भूमी संरक्षणको उचित प्रबन्ध मिलाइनेछ ।

- **जलाधार संरक्षण**
  १. जैविक विविधता, जलाधारको दिगो विकासका लागि जनभागितामूलक व्यवस्थापनमा जोड दिइनेछ ।
  २. ताल तथा तलैयाको संरक्षण र विकास गरी पर्यटन प्रवर्द्धनसँग आवद्ध गरिनेछ ।
  ३. जल, कृषि, वन व्यवस्थापनका कार्यक्रमलाई समेटेर एकीकृत जलाधार व्यवस्थापन कार्यनीति बनाई लागू गरिनेछ ।
  ४. जलाधार व्यवस्थापन कार्यक्रमहरु सञ्चालन गर्दा जल विद्‌युतको बाँध, खानेपानीको मुहानहरु, सिंचाईको कूलो, नदी किनार आदिको संरक्षणमा जोड दिइनेछ ।
  ५. जलाधारलाई जनताको जीविकोपार्जनसँग जोडिनेछ ।
  ६. संवेदनशील जलाधारलाई संरक्षित जलाधार क्षेत्र घोषणा गरिनेछ ।
  ७. सबै सिमसारको पहिचान तथा वर्गीकरण गरी संरक्षण गरी पर्यटन प्रवर्द्धन गरिनेछ ।

- **वातावरण संरक्षण, जलवायू परिवर्तन**
  १. जलवायू परिवर्तनबाट नगरमा पर्न सक्ने प्रभाव न्यूनिकरण गर्न सरोकारवाला निकाय, गै. स. स., विकास साझेदारीसँग समन्वय र सहकार्य गरी स्थानीय जलवायू परिवर्तन अनुकूल कार्य योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।
  २. वातावरणमैत्री पूर्वाधार निर्माण तथा वातावरण प्रदूषण न्यूनिकरणमा जोड दिइनेछ ।
  ३. जल, वायू, माटो, ध्वनी तथा विद्‌युतीय लगायत सबै प्रकारको प्रदूषणको रोकथाम र नियन्त्रण गर्दै लगिनेछ ।
  ४. कृषिजन्य विषाधिको प्रयोग न्यूनीकरण गरिदै लगिनेछ ।
  ५. प्रारम्भिक वातावरण परीक्षण र वातावरण प्रभाव मूल्याङ्कनलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
  ६. भौतिक पूर्वाधारको विकास र प्राकृतिक वातावरणबीच सन्तुलन कायम राखिनेछ ।
  ७. सफा, स्वच्छ र हरित नगरको निर्माण गरिनेछ ।
  ८. जलवायू परिवर्तन न्यूनिकरणका लागि वातावरणमैत्री स्वच्छ ऊर्जा र हरित विकास अवधारणा कार्यान्वयन गरिनेछ ।

- **जल उत्पन्न प्रकोप नियन्त्रण विपद् व्यवस्थापन**
  १. विकास आयोजनाहरुको छनौट प्रकृयादेखि नै आयोजना व्यवस्थापनका प्रत्येक चरणमा विपद् जोखिम मूल्याङ्कन समाविष्ट गरिनेछ ।
  २. विपद् न्यूनिकरणका लागि लगानी जुटाउनु तथा अव्यवस्थित तथा छरिएर रहेका वस्तीहरुलाई विपद्‌को दृष्टिकोणबाट उत्थानशील बनाई नागरिकलाई सुरक्षित वसोवासको व्यवस्था मिलाइनेछ ।
  ३. विपद् जोखिम न्यूनिकरण र व्यवस्थापनका लागि वृहत् सहभागिता सुनिश्चित गरी सचेतना अभिवृद्धि गर्दै विपद् पश्चातको पुनर्लाभ, पनर्स्थापना, पुनर्निर्माण र नव निर्माणका कार्यलाई सबल र उत्थानशील बनाइ अगाडि बढाइनेछ ।
  ४. विपद् जोखिम न्यूनिकरण योजना तथा कार्यक्रम तर्जुमा र कार्यान्वयन गर्दा लैङ्गिक साथै सबै प्रकारका सामाजिक समावेशीतालाई प्राथमिकतामा राखिनेछ ।

५. जल उत्पन्न प्रकोप र विपद् जोखिमको सूचना सम्प्रेषण, खोज तथा उद्धार कार्यलाई प्रभावकारी बनाउन आधुनिक प्रविधि तथा उपकरण बन्दो बस्तीका सामग्री र दक्ष जनशक्तिको विकास गरिनेछ ।

६. विपद् जोखिम न्यूनिकरण गरी मानवीय, भौतिक, आर्थिक, सामाजिक, सांस्कृतिक र वातावरणीय क्षति कम गर्न विपद् बजेटको व्यवस्था गरी विपद् न्यूनिकरण कोष मार्फत् एकद्वार प्रणालीअनुसार कार्य गरिनेछ ।

- **यन्त्र सञ्चालन (बारुण यन्त्र, डोजर, टिप्पर, एम्बुलेन्स)**

१. लागत न्यूनीकरण तथा प्रभावकारी सेवा प्रवाहको लागि छिमेकी स्थानीय तहहरुसँगको लागत साझेदारीमा बारुण यन्त्र खरिद गर्नको लागि पहल गरिनेछ ।

२. यन्त्र उपकरण सञ्चालनको लागि एक कार्यविधि बनाई सोही कार्यविधि अनुरुप सञ्चालन गरिनेछ ।

३. एम्बुलेन्स सेवालाई प्रभावकारी बनाउन "**जनतासँग एम्बुलेन्स**" कार्यक्रम सञ्चालन गरिनेछ ।

४. यन्त्र उपकरणको सञ्चालन गर्दा प्राकृतिक वातावरणलाई नष्ट नगरिकन सञ्चालनमा ल्याइनेछ ।

## ङ. संस्थागत विकास, सेवा र सुशासनः

- **सामान्य प्रसान तथा सुशासन प्रवर्द्धन**

१. धर्मदेवी नगरपालिकाको नीति तथा कार्यक्रमलाई कार्यन्वयन गर्दा पारदर्शी, जवाफदेहिता, मीतव्ययी, नियमसङ्गत र सहभागितामूलक प्रकृया अवलम्बन गरिनेछ । यसका लागि सार्वजनिक सुनुवाई, आम्दानी तथा खर्चको सार्वजनिकिकरण, सार्वजनिक तथा लेखा परीक्षण र चौमासिक समिक्षा, आदि विधिहरु अपनाइनेछ ।

२. सेवाग्राहीलाई सुशासनको प्रत्याभूति दिन नगरपालिका, विषयगत शाखा र वडा कार्यालयहरुमा नागरिक वडा पत्र राखिनेछ र त्यसलाई समय सापेक्ष संशोधन गरी सो बमोजिम प्रभावकारी सेवा प्रदान गरिनेछ ।

३. जनप्रतिनिधिहरुको कार्यमूल्याङ्कनको आधारमा उत्कृष्ट कार्य गर्ने प्रतिनिधिलाई सेवा पदकले सम्मान गर्ने नीति लिइनेछ ।

४. नगरपालिका तथा वडा कार्यालयबाट सेवा प्रवाह गर्दा सेवाग्राहीको सुविधालाई मध्यनजर गर्दै मुस्कान सहितको सेवा प्रवाहका लागि सहायता कक्ष (Help Desk) स्थापना गरिनेछ ।

५. जनप्रतिनिधिहरुले नगरपालिका पदाधिकारीहरुको आचार संहिता, २०७४ को परिपालना गर्दै प्रचलित कानुन, नगर कार्यपालिका तथा नगर सभाले पारित गरेका नीति नियमका अधिनमा रही जनतालाई सर्वसुलभ सेवा प्रदान गरिदै लगिनेछ ।

६. स्थानीय शासन व्यवस्थामा जनताको अर्थपूर्ण सहभागिता प्रवर्द्धन गर्दै वढी जनमूखी, सेवामूखी, जन उत्तरदायी, पारदर्शी तथा सुशासनयुक्त स्थानीय शासनको प्रत्याभूति गरिदै लगिनेछ ।

७. गुनासो सुनुवाईका लागि सुचना अधिकारी तथा गुनासो पेटिकाको व्यवस्था गरी गुनासो व्यवस्थापन गरिनेछ ।

८. नगरवासीलाई छिटो र सर्वसुलभ सेवा प्रदान गर्नका लागि आवश्यकताअनुसार **घुम्ति सेवा शिविर** सञ्चालन गरिनेछ ।

९. कर्मचारीको अनुशासन कायम राख्न दण्ड र पुरष्कारको नीति अवलम्बन गरिनेछ ।

१०. आयोजना सञ्चालनमा शून्य पेश्कीको अवधारणालाई मूर्त रुप दिइनेछ ।

११. "**राम्रो गरौँ, नराम्रो नगरौँ, काम गरौँ, भ्रष्टचार नगरौँ**" भन्ने मूल नारालाई चरितार्थ पार्ने एक कार्ययोजना बनाई लागु गरिनेछ ।

- **सुरक्षा व्यवस्थापन**
  १. नगरवासीलाई सुरक्षाको प्रत्याभूति दिलाउन मुडेशनिश्चरे बजारमा रहेको प्रहरी चौकीलाई स्तरोन्नति गरी इलाका प्रहरी कार्यालय बनाउनका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।
  २. नगर सुरक्षाका लागि नगरपालिका क्षेत्रका बजारहरुमा आवश्यकताअनुसार सिसि क्यामराको जडान गरिनेछ ।
  ३. नगर सुरक्षा व्यवस्थापनका लागि नगर प्रहरीको व्यवस्था गरिनेछ ।
  ४. नगरपालिका क्षेत्रको सुरक्षाको लागि एक सक्रिय नगर सुरक्षा व्यवस्थापन समितिको गठन गरिनेछ ।
  ५. कोभिड-१९ बाट यस नगरपालिकाका जनतालाई सुरक्षित तुल्याउन सुरक्षा हेल्थ डेक्सलाई थप प्रभावकारी बनाइनेछ ।
  ६. जनताको सुरक्षाको प्रत्याभूतिका लागि प्रहरी चौकी आवश्यकता पर्ने स्थानको पहिचान गरी सम्बन्धित निकायसँग उक्त व्यवस्थाका लागि पहल गरिनेछ ।

- **पञ्जिकरण तथा सामाजिक सुरक्षा व्यवस्थापन**
  १. बैङ्क मार्फत् वितरण सुरु गरिएको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरुको हितको अभिवृद्धि गरिदै लगिनेछ ।
  २. घटना दर्ता कार्यक्रमलाई अझ प्रभावकारी बनाउनका लागि विभिन्न तालिम, गोष्ठी सञ्चालन गरिनेछ ।
  ३. नगरपालिका अन्तर्गत रहेको MIS शाखालाई थप व्यवस्थित गरी नागरिलाई सहज गरिने व्यवस्था मिलाइनेछ ।
  ४. नगरवासीको घर घरमा सेवा पुर्याउनका लागि समय समयमा घटना दर्ता घुम्ती शिविर सञ्चालन गरिनेछ ।
  ५. घटना दर्ता तथा सामाजिक सुरक्षाको अभिलेखिकरणलाई प्रभावकारी बनाइनेछ ।

- **स्थानीय तथ्याङ्क सङ्कलन र अभिलेख व्यवस्थापन**
  १. स्थानीय अभिलेख व्यवस्थापनका लागि एक कार्य नीति बनाई कार्यान्वयनमा ल्याइनेछ ।
  २. सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पुल, पसल, व्यवसायहरुको विवरण सङ्कलन तथा अध्यावधिक अभिलेखिकरण गरिनेछ ।
  ३. स्थानीय तथ्याङ्कको सरल र सहज व्यवस्थापनका लागि Digital Profile को बनाइनेछ ।
  ४. जनसङ्खिक, प्राकृतिक, आर्थिक, सामाजिक, भौतिक पूर्वाधार, आदिको तथ्याङ्क सङ्कलन गरिनेछ ।
  ५. रोजगारीको अवस्था, कूल ग्राहस्थ उत्पादन, मानव विकास तथा लैङ्गिक सशक्तिकरण सूचाङ्क, राजश्व तथा आय व्यय समेतको तथ्याङ्क सङ्कन गरिनेछ । उक्त सङ्कलित तथ्याङ्कलाई सूचना प्रणालीमा आवद्ध गरिनेछ ।

- **अनुसन्धान तथा विकास**
  १. नगरपालिकाको प्रशासन सुधारका लागि अध्ययन र अनुसन्धान गरिनेछ ।
  २. नगरपालिकाको आर्थिक उन्नति, सामाजिक न्याय, पारदर्शीता एवं सुशासन कायम गर्न अपनाउनु पर्ने नीति र उपायका सम्बन्धमा अध्ययन, अनुसन्धान गरिनेछ ।
  ३. भ्रष्टाचार निवारण, राजस्व तथा नगरपालिकाको सम्पत्तिको हिनामिना वा नोक्सानीको नियन्त्रण, नागरिक बडापत्रको कार्यान्वयन वा पेशागत आचरणको पालनामा प्रभावकारीता ल्याउन नगरपालिकाले अपनाउनु पर्ने नीतिगत, कानूनी र संस्थागत सुधारको लागि खास किसिमको अध्ययन एवं अनुसन्धान गरिनेछ ।

- **क्षमता विकास**
  १. स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता विकास सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यक्रम, पाठ्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
  २. स्थानीय तहको क्षमता विकाससम्बन्धी कार्यमा प्रदेश तथा सङ्घीय विषयगत मन्त्रालयहरुसँग सहकार्य र समन्वय गरिनेछ ।
  ३. नगर कार्यपालिकाको कार्यालय, विषयगत शाखा र वडा कार्यालयका कर्मचारीहरुलाई क्षमता अभिवृद्धि तथा काम प्रति उत्प्रेरित गर्न समय समयमा अभिमुखिकरण तालिम, गोष्ठी तथा अवलोकन भ्रमण गराइनेछ ।
  ४. अनलाईन मार्फत् तालिम, गोष्ठी, सेमिनार, आदि सञ्चालन गरिनेछ । उक्त कार्यका लागि सबै कर्मचारीहरुलाई दक्ष बनाइनेछ ।

- **राजश्वसम्बन्धी**
  १. करको दर भन्दा करको दायरालाई फराकिलो बनाउँदै लगिनेछ ।
  २. कर प्रणालीमा प्रर्कियागत सरलीकरण गर्नका लागि राजस्व सुधार कार्यक्रममा जोड दिनेईछ ।
  ३. राजस्व प्रशासनको संरचनागत सुधार गरिनेछ ।
  ४. करदाताले तिर्नुपर्ने र तिरेको करको जानकारी दिने स्वचालित माध्यमबाट उपलब्ध गराउने पद्दतीको अवलम्वन गरिनेछ ।
  ५. राजस्व सचेतना अभिबृद्दिका लागि राजस्व शिक्षा कार्यक्रम संचालन गरिनेछ ।
  ६. राजस्व चुहावटका क्षेत्र पहिचान गरी नियन्त्रणमा गरिनेछ ।
  ७. राजस्व संकलन तथा प्रतिवेदन प्रणालीलाई सूचना प्रविधिमा आबद्द गरिनेछ ।
  ८. राजस्व संकलनका लागि आवश्यक संरचना र जनशक्तिको क्षमता विकास गरिनेछ ।
  ९. राजस्वमा उल्लेख्य योगदान गर्ने करदाताहरुलाई वार्षिक रुपमा छनौट गरी पुरस्कृत गरिनेछ ।
  १०. राजश्वको लक्ष्य तोक्ने र त्यसको आधारमा कार्यसम्पादन मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ।
  ११. राजश्वको स्रोतको सम्भाव्यता अध्ययन गरिनेछ ।
  १२. आगामी आ.व.मा धर्मदेवी नगरपालिकामा आर्थिक सर्वेक्षण गरिनेछ ।

- **रोजगार सेवासम्बन्धी**
  १. प्रदेश तथा सङ्घले ल्याएको रोजगारमूलक कार्यक्रममा अपनत्व कायम गर्दै रोजगारीका क्षेत्र विस्तार गरिनेछ ।
  २. गरिबी न्यूनिकरण तथा रोजगारीका अवसरहरुमा वृद्धि गर्दै लगिनेछ ।
  ३. स्थानीय तहमा दर्ता भएका बेरोजगार व्यक्तिहरुलाई न्युनतम रोजगारीको प्रत्याभूति गराउने कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक ङ्कयोजना सञ्चालन गरी श्रममूलक योजना मार्फत् समुदायको विकाससँगै सामाजिक संरक्षणंको प्रत्याभूति गराइनेछ ।
  ४. दक्ष तथा सक्षम जनशक्तिको विकास गरी आन्तरिक रोजगरीको प्रवर्द्धन गर्न आवश्यक सीपमूलक तालिमको व्यवस्था गरी बेरोजगार व्यक्तिलाई स्वरोजगार बनाइनेछ ।
  ५. युवा स्वरोजगार कार्यक्रम, कार्यनीति बनाई कार्यान्वयनमा ल्याइनेछ ।
  ६. वैदेशिक रोजगारबाट फर्किएका युवाहरुको सीप र क्षमताको उपयोग गर्दै रोजगारीका अवसरहरु सृजना गरिनेछ ।

- **विधेयक (ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका निर्माण तथा न्यायसम्बन्धी)**
  १. नगरपालिकाले बनाउने ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका, आदिको मस्यौदा तयार पारी वेधेयक समिति मार्फत् कार्यपालिकामा पेस गरिनेछ ।
  २. कार्यपालिका तथा नगरसभाबाट पारित ऐन, नियम, विनियम, कार्यविधि, निर्देशिका, आदि स्थानीय राजपत्रमा प्रकाशित गरिनेछ ।
  ३. न्यायिक समितिबाट न्याय निरुपणका लागि इजलासको व्यवस्था गरिनेछ ।
  ४. न्याय सम्पादनलाई सरल र सुलभ बनाइनेछ ।
  ५. न्याय सम्पादनमा सहजता ल्याउनका लागि मेलमिलापकर्तालाई तालिम, गोष्ठी सेमिनार तथा इजलास भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
अब म आ. व. २०७८/०७९ को मुख्य मुख्य आयोजना र क्रियाकलापहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**मुख्य मुख्य आयोजना र क्रियाकलापहरु**
आ. व. २०७८।०७९ को मुख्य मुख्य आयोजनाहरु मध्ये नगरपालिकाको प्रशासनिक भवन निर्माण, ५ शैयाको अस्पतालको भवन निर्माण, मुडेशनिश्चरे बजारमा फुटपाथ तथा रेलिङ निर्माण, यलम्बर पार्कमा धर्मदेवी सङ्ग्रालय तथा घण्टा घर निर्माण,विभिन्न वडा कार्यालयहरुको भवन निर्माण तथा विभिन्न सडकहरु ढलान तथा सोलिङ, धर्मदेवी नगरपालिका स्थित धर्मदेवी मन्दिरमा पोखरी, अन्य भौतिक पूर्वाधार निर्माण, प्रशासन सुधार कार्यक्रम, सूचना प्रविधिमैत्री कार्यक्रम, कृषि तथा पशु विकास कार्यक्रम, महिला बालबालिका तथा जेष्ठ नागरिकका लागि कार्यक्रम, रोजगारी सृजना हुने कार्यक्रम, विभिन्न तालिम, गोष्ठी, सेमिनार लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**
अब म आ.व. २०७८/०७९ को आय र व्यय प्रस्तुत गर्ने अनुमति चाहनछु ।

## आ. व. २०७८/०७९ को अनुमानित आय

| क्र.सं. | स्रोत | प्राप्त बजेट (रु.) | प्राप्त बजेट (अक्षरेपी) | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय समानिकरण अनुदान | १२,३७,००,०००/- | बाह्र करोड सैतीस लाख | |
| २ | सङ्घीय राजश्व बाँडफाड अनुदान | ६,७६,६२,०००/- | छ करोड छहत्तर लाख बैसठ्ठी हजार | |
| ३ | सङ्घीय सशर्त चालू अनुदान | १६,९९,००,०००/- | सोह्र करोड उनान्सय लाख | |
| ४ | सङ्घीय सशर्त पूँजीगत अनुदान | १,४४,००,०००/- | एक करोड चवालिस लाख | |
| ५ | सङ्घीय विशेष अनुदान | ४२,००,०००/- | बयालिस लाख | |
| ६ | सङ्घीय समपुरक अनुदान | ४२,००,०००/- | बयालिस लाख | |
| ७ | प्रदेश समानिकरण अनुदान | ७२,८५,०००/- | बहत्तर लाख पचासी हजार | |
| ८ | प्रदेश राजश्व बाँडफाड | ३८,३९,६३०/- | अठ्तीस लाख उन्चालिस हजार छ सय तीस | |
| ९ | नगर चालु, अल्या तथा मौज्दात | १,२६,५०,०००/- | एक करोड छब्बिस लाख पचास हजार | |
| १० | आन्तरिक राजश्व | ४८,६३,९००/- | अठ्चालिस लाख तीर्सठ्ठी हजार नौ सय | |
| ११ | धरौटी | ६,९५,८१३/- | छ लाख पञ्चानब्बे हजार आठ सय तेह्र | |
| १२ | पुँजीगत, अल्या तथा मौज्दात | १०,१४,४५,०००/- | दस करोड चौध लाख पैतालिस हजार | |
| १३ | धरौटी | ६,९५,८१३/- | छ सय पञ्चानब्बे हजार आठ सय तेह्र | |
| | **कूल बजेट** | **५१,५५,३७,१५६/-** | **एकाउन्न करोड पचपन्न लाख सैतीस हजार एक सय छप्पन्न मात्र** | |

## आ. व. २०७८/०७९ को अनुमानित व्यय

| क्र.सं. | विवरण | बजेट (रु.) | बजेट (अक्षरेपी) | कैफियत |
|---|---|---|---|---|
| १ | सङ्घीय सशर्त चालु अनुदान | १६,९९,००,०००/- | सोह्र करोड उनान्सय लाख | |
| २ | सङ्घीय सशर्त पुँजीगत अनुदान | १,४४,००,०००/- | एक करोड चौवालिस लाख | |
| ३ | नगर चालु खर्च | ७,३५,००,०००/- | सात करोड पैतीस लाख | |
| ४ | वडा स्तरीय | ५,९४,००,०००/- | पाँच करोड चौरानब्बे लाख | |
| ५ | नगर गौरव योजना | ५,००,००,०००/- | पाँच करोड | |
| ६ | समपुरक कोष | ५०,००,०००/- | पचास लाख | |
| ७ | नगर चालु अल्या खर्च | ५१,२५,४७५/- | एकाउन्न लाख पच्चीस हजार चार सय पचहत्तर | |
| ८ | आन्तरिक आम्दानि खर्च | ४८,६३,९००/- | अठ्चालिस लाख तीर्सठ्ठी हजार नौ सय | |
| ९ | नगर पुँजिगत अल्या | १०,१४,५५,०००/- | दस करोड चौध लाख पचपन्न हजार | |
| १० | धरौटी खर्च | ६,९५,८१३/- | छ लाख पञ्चानब्बे हजार आठ सय तेह्र | |
| ११ | योजना व्यवस्थापन खर्च | ३४,७५,९६८/- | चौतीस लाख पचहत्तर हजार नौसय अठ्सठ्ठी | |
| १२ | विषयगत शाखा खर्च | २,७७,२१,०००/- | दुई करोड सतहत्तर लाख एक्काइस हजार | |
| | **कूल जम्मा** | **५१,५५,३७,१५६/-** | **एकाउन्न करोड पचपन्न लाख सैतीस हजार एक सय छप्पन्न मात्र** | |

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

माथि उल्लेखित आय व्यय मध्य चालु तर्फ रु. २८,४५,८६,३४३/- (अक्षरेपीः अठ्ठाइस करोड पैतालिस लाख छयासी हजार तीन सय तीर्चालिस) मात्र र पुँजीगत तर्फ रु. २३,०९,५०,८१३/- (अक्षरेपीः तेइस करोड नौ लाख पचास हजार आठ सय तेह्र) मात्र गरी कूल जम्मा रु. ५१,५५,३७,१५६/- (अक्षरेपीः एकाउन्न करोड पचपन्न लाख सैतीस हजार एक सय छप्पन्न) मात्र पेश गरेको छु । यसमा वडास्तरीय काम हुन नसकेका आयोजनाहरुको अल्या रकम समावेश गरिएको छैन । आदरणीय महानुभावहरु नगरपालिकाको विकास तथा समृद्धिका लागि जुन बजेट तथा नीति प्रस्तुत गरेको छु उक्तअनुसार नगरपालिकालाई सक्षम, सबल, मीतव्ययी, पारदर्शी, सेवामूखी र जवाफदेही बनाउनका लागि यहाँहरु सबैको महत्वपूर्ण भूमिका रहने हुनाले सबैको सहयोगको अपेक्षा गरेको छु ।

**सभाध्यक्ष ज्यु तथा नगर सभा सदस्य ज्युहरु,**

अन्तमा आ.व. २०७८/७९ को नीति, कार्यक्रम तथा वजेट निर्माण गर्न सहयोग पुऱ्याउनुहुने नगर प्रमुख, वडाध्यक्षहरु, कार्यपालिका सदस्यहरु, नगर सभा सदस्यहरु, कर्मचारीहरु लगायत सम्पुर्ण सहयोगी हातहरुलाई हार्दिक आभार व्यक्त गर्दै धन्यवाद अर्पण गर्दछुँ । **जय धर्मदेवी ।।। ।।। ।**

<u>प्रस्तुतकर्ता</u>
शोभा घिमिरे
नगर उप प्रमुख
धर्मदेवी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुडेशनिश्चरे, सङ्खुवासभा